मिति : २०७६/०३/१० गते

प्रस्तावहरु

१. नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।
२. नीति तथा कार्यक्रम र नगर सभाको मिति तोक्ने सम्बन्धमा ।
३. दलित तथा जेहेन्दार विद्यार्थी सम्बन्धमा ।
४. रकम विनियोजन सम्बन्धमा ।
५. योजना संशोधन सम्बन्धमा ।
६. नगर प्रमुख व्यवसायिक कृषि तथा आधुनिकीकरण कार्यक्रम सम्बन्धमा ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा आगामी आ.व. २०७६/०७७ को लागि तयार पारिएको यस मध्यनेपाल नगरपालिकाको नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा मिति २०७६/०३/१५ गते नीति तथा कार्यक्रम ल्याउने र मिति २०७६/०३/२५ गते छैटौं नगर सभा बोलाउने भनि मिति २०७६/०२/२२ को नगर कार्यपालिकाको बैठकले गरेको निर्णयलाई संशोधन गरी दुवै कार्यक्रम मिति २०७६/३/२२ गते गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा दलित तथा जेहेन्दार विद्यार्थीहरुलाई वितरण गरिएको विद्यालय पोशाकको बिल भरपाई अनुसारको रकम नगर प्रमुखको सिफारिसमा मौज्दात रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा मिति २०७६/२/२२ गतेको निर्णय नं.७ अनुसार नगर प्रमुखको सिफारिसमा संचालन गरिने योजनालाई अधिकत्तम १५ लाख रकम संचित रकमबाट खर्च गरिने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा मिति २०७६/२/२२ को कार्यपालिकाको बैठकको निर्णय नं. १२ मा उल्लेखित आयोजनाहरु मध्ये " चायपानी कुलो तथा वेलवोटे पोखरी निर्माण " भन्ने वाक्यांशलाई संशोधन गरी " चायपानी कुलो तथा कोलवोटे पोखरी निर्माण भन्ने वाक्यांश कायम गर्ने ।

क्र.सं. २९७ को मध्यनेपाल नगरपालिका वडा नं. ८ को रुदी नहर मर्मत तर्फ विनियोजित रकम रु. १,००,०००/- लाई सोही वडाको मजुवा खोला सिंचाई योजनामा खर्च गर्ने गरि संशोधन गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा मिति २०७६/२/२२ गते नगर कार्यपालिका बैठकको निर्णय नं.१३ बाट नगर प्रमुख व्यावसायीक कृषि आधुनिकीकरण कार्यक्रमको बाँकी रकमबाट कृषि औजार खरिद गर्ने भनिएकोमा सोही रकमबाट देहाय अनुसारको व्यक्तिहरुलाई देहाय अनुसारको रकम छुट्याउने निर्णय गरियो ।

- लक्ष्मी नेपाली, मध्यनेपाल -४, लमजुङ - रु ५० हजार
- शिवराम वगाले, मध्यनेपाल-३, लमजुङ - रु ५० हजार

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका भित्र रहेका १८ - ५९ वर्ष उमेर समूह भित्रका जम्मा २१०९ बेरोजगारलाई सूचिकृत बेरोजगारको रुपमा पारित गर्ने निर्णय गरियो ।